नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : २०८१/०८२

चलानी नं. : ६४
नेपाल संवतः ११४४
मितिः- २०८१/०७/१२

विषयः- *आयोजना/कार्यक्रम प्रस्ताव गर्ने सम्वन्धमा ।*

श्री स्थानीय तह, सबै (सुदुर पश्चिम प्रदेशका दार्चुला, बैतडी, बझाङ, अछाम, डोटी, बाजुरा र कर्णाली प्रदेशका मुगु, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, रुकुम पश्चिम, जाजरकोट जिल्ला) ।

प्रस्तुत विषयमा नेपाल सरकारको वार्षिक वजेट तथा कार्यक्रममा चालु आ.व. २०८१/८२ का लागि उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम स्वीकृत भएको छ । उक्त कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि ***उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१*** समेत स्वीकृत भैसकेको छ ।उक्त कार्यविधिको व्यवस्था वमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि कार्यविधिमा उल्लेख भएको जिल्लाका स्थानीय तहहरुले मात्र उक्त कार्यविधिको दफा ८ को व्यवस्था तथा अनुसूची (२) वमोजिमको ढाँचामा बढीमा २ वटासम्म आयोजना/कार्यक्रम छनौट गरी कार्यपालिकाको निर्णय र अन्य आवश्यक कागजात सहित सहित यस मन्त्रालयको इमेल ठेगाना mofagaplanning@gmail.com र planning.section@mofaga.gov.np मा ***२०८१ मंसिर ५*** गतेभित्र पेश गरिसक्नुपर्ने छ । ***उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१*** यसैसाथ संलग्न गरिएको छ । उक्त कार्यविधिमा उल्लिखित प्रावधान र अन्य प्रचलित कानून वमोजिम कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम/आयोजना प्रस्ताव पेश गर्नुहुन मिति २०८१/०७/०९ को (माननीय मन्त्रीस्तर) निर्णयानुसार अनुरोध छ ।

*सादर अवगतार्थः*
माननीय मन्त्रीज्यूको सचिवालय,
श्रीमान सचिवज्यूको सचिवालय,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

(गोविन्द के.सी.)
शाखा अधिकृत

*वोधार्थः*
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः
मन्त्रालयको वेभसाइटमा Upload गरिदिनुहुन ।

## उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

कार्यविधि स्वीकृति मितिः २०८१।०७।९

<u>**प्रस्तावना**</u>: उच्च पहाडी एवम् हिमाली क्षेत्रका मानव विकास सूचकाङ्कमा तुलनात्मक रुपमा पछाडि परेका स्थानीय तहमा **स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण** कार्यक्रम सञ्चालन गरी स्थानीय जनताको आर्थिक-सामाजिक जीवनस्तरमा सुधार ल्याउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधि को नाम **"उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा**</u>: विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले यस कार्यक्रम मार्फत् उपलब्ध हुने ससर्त अनुदान सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रम समेतलाई सम्झनु पर्छ।

(ग) "आयोजना छनौट समिति" भन्नाले दफा १६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम सम्झनु पर्छ।

(ङ) "केन्द्रीय समन्वय एकाइ" भन्नाले दफा १८ बमोजिम गठन भएको एकाइ सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले यस कार्यक्रम कार्यान्वयन प्रयोजनको लागि अनुसूची-१ मा उल्लिखित गाउँपालिका तथा नगरपालिका सम्झनु पर्छ।

३. <u>**कार्यविधिको उद्देश्य**</u>: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) कार्यक्रम कार्यान्वयनमा सामाञ्जस्यता तथा एकरूपता कायम गर्नु

(ख) कार्यक्रम सञ्चालन हुने जिल्ला र स्थानीय तह किटान गर्नु,

(ग) आयोजना छनौट र प्राथमिकीकरणका आधार निर्धारण गर्नु,

(घ) आयोजना कार्यान्वयन, बजेट निकासा र खर्च प्रणालीलाई व्यवस्थित गर्नु,

(ङ) अनुदान उपलब्ध गराउने आधार र प्रक्रिया स्पष्ट गर्नु,

(च) कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको भूमिका स्पष्ट गर्नु,

(छ) उच्च पहाडी एवम् हिमाली क्षेत्रका आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्ग र समुदायको पहिचान गर्नु।

## परिच्छेद -२

## कार्यक्रमको कार्यक्षेत्र र स्रोत व्यवस्थापन

४. **कार्यक्रमको कार्यक्षेत्र**: मानव विकास सूचकाङ्क न्यून एवम् गरिबीको दर उच्च रहेका अनुसूची-१ मा उल्लेख भए बमोजिमका उच्च पहाडी एवम् हिमाली जिल्लाका स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ।

५. **लागत साझेदारी**: (१) आयोजना सञ्चालन गर्नका लागि कार्यक्रमको तर्फबाट अधिकतम नब्बे प्रतिशत र स्थानीय तहबाट न्यूनतम दश प्रतिशत लागत सहभागिता रहनेछ।

(२) यस कार्यविधि वमोजिम आयोजना छनौट गर्दा प्रत्यक्ष रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने र बढी लागत साझेदारी गर्ने स्थानीय तहले माग गरेका आयोजनालाई विशेष प्राथमिकता दिन सकिनेछ।

६. **अनुदान उपलब्ध गराउने आधारहरू**: (१) कार्यक्रम लागू भएका स्थानीय तहलाई स्वीकृत आयोजना कार्यान्वयनका लागि माग, आयोजनाको प्रकृति, रोजगारी सिर्जनाको अवसर र गरिबी निवारण तथा आर्थिक-सामाजिक सशक्तीकरणमा योगदान गर्ने आधारमा प्रति आयोजना न्यूनतम पन्ध्र लाखदेखि अधिकतम पचास लाखसम्म अनुदान उपलब्ध गराइनेछ।

तर स्थानीयस्तरमा रोजगारी सिर्जना र आयआर्जनमा सहयोग पुग्ने गरी सञ्चालन गरिने सीप विकास मूलक तालिम तथा क्षमता विकास तथा प्रबिधि हस्तान्तरण मूलक कार्यक्रम सञ्चालन गर्न प्रति आयोजना न्यूनतम पाँच लाखदेखि अधिकतम दश लाखसम्म अनुदान उपलब्ध गराइनेछ।

(२) कुनै स्थानीय तहमा आर्थिक-सामाजिक सशक्तीकरणको लागि विशेष प्रकृतिका आयोजना सञ्चालन गर्नुपर्ने अवस्थामा सम्वन्धित स्थानीय तहको जनसङ्ख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, गरिबीको दर तथा आर्थिक सामाजिक रूपले पछाडि परेका वर्ग र समुदायको आवश्यकतालाई समेत आधार मानी मन्त्रालयले अनुदान सीमा वृद्धि गर्न सक्नेछ।

(३) स्थानीय तहले प्रस्ताव गरेका आयोजना मध्ये अल्पसंख्यक, महिला, दलित, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, आर्थिकरुपले विपन्न तथा फरक क्षमता भएका नागरिक केन्द्रित आयोजनालाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ।

(४) स्थानीय तहको उत्पादन र बजारीकरण , व्यापार- व्यवसाय प्रवर्द्धन, रोजगारी सिर्जना तथा आय आंर्जनमुलक आयोजनालाई प्राथमिकतामा राखी प्रस्तावित आयोजनालाई प्राथमिकता दिइनेछ ।

(५) स्थानीय तहले प्राप्त गर्ने बजेट सीमाको आधारमा यस कार्यविधिको दफा ५ बमोजिमको लागत साझेदारीका लागि बजेट व्यवस्था गर्नु पर्नेछ।

(६) यस कार्यविधि बमोजिम तोकिएको समयभित्र आयोजना प्रस्ताव पेश नगर्ने स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराईने छैन।

७. <u>कार्यक्रम सञ्चालनका क्षेत्र</u>: (१) उच्च पहाडी एवम् हिमाली क्षेत्रका आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार ल्याउने आयोजना सञ्चालन गर्नका लागि यस कार्यविधि बमोजिमको अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको अनुदान स्थानीय तहले देहायका क्षेत्रका आयोजना सञ्चालन गर्न प्रयोग गर्नु पर्नेछः

(क) **आर्थिक तथा सामाजिक पूर्वाधार** : पर्यटन पूर्वाधार, साना तथा मझौला औधोगिक पुर्बाधार, व्यापार-व्यवसाय प्रवर्द्धन पूर्वाधार, रोजगार केन्द्र स्थापना, बजार केन्द्र स्थापना र सञ्चालन, प्रसुति सेवा केन्द्र र रोजगारमूलक सामुदायिक पूर्वाधार तथा तालिम केन्द्र निर्माण।

(ग) **कृषि विकासः** सामुहिक खेती तथा पशुपालन, खाद्य, तरकारी तथा फलफूल र जडिबुटी उत्पादन, संकलन, प्रशोधन र बजारीकरण, जैविक कृषि व्यवसाय, हाटबजार केन्द्र निर्माण, सामुहिक डेरी उद्यम सञ्चालन र व्यवस्थापन, सामुहिक तथा सहकारी स्थानीय उत्पादन बिक्रि कक्ष स्थापना र सञ्चालन।

(घ) **खानेपानी तथा सरसफाई**: साना खानेपानी परियोजना, सार्वजनिक शौचालय तथा खानेपानी ट्याङ्की निर्माण।

(ङ) **सिँचाइः** साना सिँचाइको लागि पोखरी तथा कुलो निर्माण र बिस्तार (सौर्य सिँचाइ प्रणाली समेत)।

(च) **रोजगारमुलक कार्यक्रम :** आय आर्जनमूलक तथा प्रत्यक्ष रोजगारीमा योगदान पुग्ने लामो अबधिको तालिम तथा सिप विकास कार्यक्रम। जस्तै: पर्यटक गाईड, कुक, वेटर आदी।



राजकुमार गुप्ता
मन्त्री

(छ) **परम्परागत पेशा प्रवर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधार:** कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहका आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न नागरिकका लागि सीपमूलक तालिम तथा आय आर्जन कार्यक्रम।

(३) स्थानीय तहले पेशा प्रवर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधार सम्बन्धी क्षमता विकास कार्यक्रम प्रस्ताव पेश गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा मान्यता प्राप्त संस्था मार्फत वा सो संस्थाबाट तालिम प्राप्त प्रशिक्षक वा परम्परागत सीपमा पारङ्गत व्यक्ति मार्फत स्थानीय तह आफैले तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) स्थानीय तहले यस कार्यक्रम अन्तर्गत आयोजना प्रस्ताव पेश गर्दा सङ्घ, प्रदेश वा अन्य सरकारी वा गैर सरकारी निकायबाट सञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी गर्नु पर्नेछ।

(५) स्थानीय तहले तोकिएको ढाँचामा विस्तृत विवरण सहित बढीमा २ वटा कार्यक्रम/आयोजना मात्र प्रस्ताव गर्न सक्नेछन्।

## परिच्छेद - ३

## आयोजना छनौट, सञ्चालन तथा व्यवस्थापन

८. **आयोजना छनौट:** (१) स्थानीय तहले यस कार्यविधि बमोजिम प्रस्तावित आयोजना अनुसूची-२ को ढाँचामा मन्त्रालयको योजना तथा अनुगमन शाखामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आयोजना प्रस्ताव पेश गर्दा देहायका विवरण समेत खुलाई पेश गर्नुपर्नेछ:

(क) आयोजना सञ्चालन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याई,

(ख) आयोजनाको आवश्यकता र अनुमानित उपलब्धि सहितको अवधारणा पत्र,

(ग) आयोजना तथा कार्यक्रमको कूल लागत र अवधि,

(घ) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएको भए सोको सारांश र तालिम कार्यक्रमको हकमा विस्तृत प्रस्ताव,

(ङ) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकम र स्थानीय तहबाट व्यहोरीने रकमको विवरण,

(च) आयोजनाको कूल लागतमध्ये ससर्त अनुदान र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र श्रोतको विवरण,

(छ) मन्त्रालयले तोकेका अन्य विवरण।

(४) उपदफा (१) बमोजिम माग भई आएका आयोजना मध्येबाट आयोजना छनौट समितिले आयोजना वा कार्यक्रम छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात स्थानीय तहमा अनुदान उपलब्ध गराई कार्यान्वयन गरिनेछ।

(५) आयोजना छनौट गर्दा दीर्घकालीन प्रभाव पर्ने र स्थानीय तहको अधिकतम लागत सहभागिताको सुनिश्चितता भएका आयोजनालाई प्राथमिकता दिइनेछ।

(६) दुई वा सोभन्दा बढी स्थानीय तहका सिमानासँग जोडिएका आयोजनाको छनौट, कार्यान्वन तथा व्यवस्थापन केन्द्रीय निर्देशक समितिको निर्णयानुसार हुनेछ।

९. **आयोजना सञ्चालन तथा व्यवस्थापन प्रक्रिया:** (१) स्थानीय तहले प्रत्येक वर्ष फाल्गुन १५ गते भित्र आयोजनाको प्रस्ताव मन्त्रालयमा पेश गर्नुपर्नेछ।

तर आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने आयोजनाको हकमा २०८१ साल मङ्सिर ५ गते भित्र आयोजना प्रस्ताव पेश गरिसक्नु पर्नेछ।

(२) आयोजना छनौट समितिले स्थानीय तहबाट माग भई आएका आयोजना चैत्र महिनाभित्र छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात सोको विवरण स्थानीय तहमा उपलब्ध गराउने छ।

तर आर्थिक वर्ष २०८१/८२ को हकमा २०८१ साल मङ्सिर मसान्त भित्र आयोजना छनौट गरिनेछ।

(३) उपदफा (२) बमोजिम छनौट भएका आयोजना सम्बन्धित स्थानीय तहले गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेछ।

(४) स्थानीय तहले आयोजना छनौट तथा माग प्रस्ताव गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(५) स्वीकृत भएका आयोजना स्थानीय तहले दोश्रो त्रैमासिक भित्र पनि कार्यान्वयनको कुनै प्रक्रिया शुरु नगरेको अवस्थामा मन्त्रालयले त्यस्ता आयोजनाहरुलाई खारेज गरी अन्य स्थानीय तहमा माग भएका आयोजनाहरु मध्येबाट स्वीकृत गरी बजेट विनियोजन गर्न सक्नेछ।

१०. **आयोजनाको अनुगमन तथा मूल्याङ्कन:** यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनाको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहको अनुगमन तथा सुपरीवेक्षण समितिले आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(ख) स्थानीय तहले यो कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको वर्षिक प्रगति प्रतिवेदन अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालयको योजना तथा अनुगमन शाखामा नियमित रूपमा पठाउनु पर्नेछ।



मा. राजकुमार गुप्ता
मन्त्री

(ग) मन्त्रालयले यस कार्यविधि अनुरूप कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

## परिच्छेद-४

## कार्यक्रम व्यवस्थापन तथा संस्थागत व्यवस्था

११. <u>केन्द्रीय निर्देशक समिति:</u> (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन तथा आवश्यक समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको केन्द्रीय निर्देशक समिति रहनेछ:

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(घ) सह-सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा - सदस्य

(ङ) उपसचिव, योजना तथा अनुगमन शाखा - सदस्य-सचिव

(२) केन्द्रीय निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार विषयगत मन्त्रालयका प्रतिनिधि र अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१२. <u>केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आयोजना छनौट समितिबाट छनौट भएका आयोजनालाई स्वीकृति दिने,

(ख) कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा आवश्यक मार्गदर्शन गर्ने,

(ग) कार्यक्रमका लागि आवश्यक पर्ने स्रोतको आँकलन गरी प्रस्ताव गर्ने,

(घ) कार्यक्रमको लागि केन्द्रीय तहबाट गर्नुपर्ने समन्वय तथा कार्यान्वयनमा एकरूपता एवम् सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाबीच आवश्यक समन्वय गर्ने गराउने,

(च) कार्यक्रमको अनुगमन र समीक्षाको आधारमा सुधारका लागि आवश्यक निर्देशन दिने।

१३. <u>आयोजना छनौट सिफारिस समिति:</u> (१) स्थानीय तहबाट माग भई आएका आयोजना छनौट सिफारिस गर्नका लागि मन्त्रालयमा देहाय बमोजिमको एक आयोजना छनौट सिफारिस समिति रहनेछ:

(क) सह-सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा - संयोजक

(ख) उप-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) उप-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

राजकुमार गुप्ता
मन्त्री

(घ) उपसचिव, योजना तथा अनुगमन शाखा, मन्त्रालय - सदस्य

(ङ) शाखा अधिकृत, योजना तथा अनुगमन शाखा - सदस्य-सचिव

(२) आयोजना छनौट सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य मन्त्रालयका प्रतिनिधि र अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१४. **आयोजना छनौट सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** आयोजना छनौट सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहबाट माग भई आएका आयोजनाको विवरण तयार गर्ने,

(ख) माग भई आएका आयोजना मध्येबाट कार्यविधि बमोजिम आयोजना छनौटका लागि सिफारिस गर्ने,

(ग) आयोजना छनौट गर्दा दफा ६ बमोजिमका विषयलाई प्राथमिकता दिने,

(घ) स्थानीय तहबाट माग भई आएका आयोजनाको आवश्यकता अनुसार स्थलगत रूपमा निरीक्षण गर्ने,

(ङ) स्थानीय तहबाट माग भई आएका आयोजना दफा ८ मा तोकिएको मापदण्डका आधारमा छनौट गरी केन्द्रीय निर्देशक समितिमा स्वीकृतिको लागि सिफारिस गर्ने ।

१५. **केन्द्रीय समन्वय एकाइः** (१) कार्यक्रम समन्वय तथा सहजीकरण गर्न मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखा अन्तर्गतको योजना तथा अनुगमन शाखाले जिम्मेवारी निर्वाह गर्नेछ ।

(२) योजना तथा अनुगमन शाखाको प्रमुखले कार्यक्रम संयोजकको रुपमा कार्यसम्पादन गर्नेछ।

१६. **केन्द्रीय समन्वय एकाइको काम, कर्तब्य र अधिकारः** केन्द्रीय समन्वय एकाइले देहाय बमोजिमका कार्यको समन्वयात्मक, नतिजामूखी र समयवद्ध रूपमा कार्यान्वयन गर्ने गराउनेछः

(क) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी आयोजना छनौट सिफारिस समितिमा स्वीकृतिका लागि पेश गर्ने,

(ख) स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय तथा सहजीकरण गर्ने गराउने,

(ग) केन्द्रीय निर्देशक समिति र आयोजना छनौट सिफारिस समितिको सचिवालयको रुपमा काम गर्ने,

(घ) स्थानीय तहबाट कार्यक्रमको प्रतिवेदन लिई एकीकृत प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने,



मा. राजकुमार गुप्ता
मन्त्री

(च) कार्यक्रमको नियमित अनुगमन, निरीक्षण गरी प्रतिवेदन तयार गर्ने तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

(छ) कार्यक्रमको वार्षिक समीक्षा गरी प्राप्त पृष्ठपोषणका आधारमा सुधारका लागि पेश गर्ने,

(ज) कार्यक्रमसँग सम्वन्धित कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठी सञ्चालन गर्ने गराउने,

(झ) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

१७ **स्थानीय तहको भूमिका:** यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम कार्यक्रम तथा आयोजना पहिचान, प्राथमिकता निर्धारण तथा छनौट गरी निर्धारित समय र तोकिएको ढाँचामा आवश्यक सम्पूर्ण विवरण सहित मन्त्रालयमा प्रस्ताव पेस गर्ने

(ख) स्वीकृत भएका कार्यक्रम तथा आयोजना र बजेट प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्ने,

(ग) कार्यन्वयनमा रहेका आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा आवधिक समीक्षा गर्ने,

(घ) कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,

(ङ) कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र मन्त्रालयमा पठाउने,

(च) कार्यक्रमको नतिजा र गुणस्तरको सुनिश्चितता गर्ने,

(छ) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न आवश्यक अन्य कार्यहरू गर्ने।

## परिच्छेद- ५

## आर्थिक व्यवस्थापन

१८. **वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापन:** (१) आयोजना कार्यान्वयन गर्न मन्त्रालयले दफा दफा ५ बमोजिम स्थानीय तहलाई ससर्त अनुदानको रुपमा रकम उपलब्ध गराउनेछ।

(२) स्थानीय तहले आयोजना कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) स्थानीय तहले आयोजनाको रकम भुक्तानी गर्दा अन्य कानुनी व्यवस्थाको अतिरिक्त अनिवार्य रुपमा दफा ५ बमोजिम व्यहोर्नुपर्ने रकमको अनुपात मिलाउनु पर्नेछ।

(४) स्थानीय तहले प्रचलित कानून बमोजिम कार्यक्रमको लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ।

१३. **खर्चमा बन्देज:** स्थानीय तहलाई प्राप्त हुने अनुदान रकमबाट देहाय बमोजिमको क्षेत्र वा कार्यमा स्वीकृत रकम खर्च गर्न पाइने छैन:

(क) कुनै प्रकारको तलब भत्ता एवम् कर्मचारी, राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्च,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च,

(ग) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुललगायत कार्यालय सञ्चालनसम्बन्धी खर्च,

(घ) राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, सङ्घसंस्था वा व्यक्तिलाई कुनै किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न,

(ङ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँट गर्न,

(च) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था वाहेकको आयोजनामा।

## परिच्छेद- ६

## विविध

२०. **आवश्यक व्यवस्था गर्नसक्ने**: यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा सोको समाधानका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

नि. सचिव

मा. राजकुमार गुप्ता
मन्त्री

अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

**कार्यक्रम लागू हुने जिल्ला एवम् स्थानीय तह**

| सि.नं. | जिल्ला | क्र.सं. | गाउँपालिका/नगरपालिका | कैफियत |
|---|---|---|---|---|
| १ | दार्चुला | १ | महाकाली नगरपालिका | |
| | | २ | शैल्यशीखर नगरपालिका | |
| | | ३ | मार्मा गाउँपालिका | |
| | | ४ | नौगाड गाउँपालिका | |
| | | ५ | दुहुँ गाउँपालिका | |
| | | ६ | मालिकार्जुन गाउँपालिका | |
| | | ७ | अपिहिमाल गाउँपालिका | |
| | | ८ | लेकम गाउँपालका | |
| | | ९ | व्यास गाउँपालिका | |
| २ | बैतडी | १ | दशरथचन्द नगरपालिका | |
| | | २ | पाटन नगरपालिका | |
| | | ३ | पुर्चौडी नगरपालिका | |
| | | ४ | मेलौली नगरपालिका | |
| | | ५ | डीलासैनी गाउँपालिका | |
| | | ६ | दोगडाकेदार गाउँपालिका | |
| | | ७ | पन्चेश्वोर गाउँपालिका | |
| | | ८ | शिवनाथ गाउँपालिका | |
| | | ९ | सिगास गाउँपालिका | |
| | | १० | सुर्नया गाउँपालिका | |

| | | | | |
|---|---|---|---|---|
| ३ | बझाङ | १ | साईपाल गाउँपालिका | |
| | | २ | वुङ्गल गाउँपालिका | |
| | | ३ | सुर्मा गाउँपालिका | |
| | | ४ | तालकोट गाउँपालिका | |
| | | ५ | छविस पाथिभेरा गाउँपालिका | |
| | | ६ | वित्थडचिर गाउँपालिका | |
| | | ७ | केदारस्यूँ गाउँपालिका | |
| | | ८ | दुर्गाथली गाउँपालिका | |
| | | ९ | थलारा गाउँपालिका | |
| | | १० | खप्तडछान्ना गाउँपालिका | |
| | | ११ | जयपृथ्वी नगरपालिका | |
| | | १२ | मष्टा गाउँपालिका | |
| ४ | अछाम | १ | साँफेबगर नगरपालिका | |
| | | २ | मल्लेख गाउँपालिका | |
| | | ३ | चौरपाटी गाउँपालिका | |
| | | ४ | ढकारी गाउँपालिका | |
| | | ५ | मङ्गलसेन नगरपालिका | |
| | | ६ | बान्नीगढी जयगढ गाउँपालिका | |
| | | ७ | रामारोशन गाउँपालिका | |
| | | ८ | पञ्चदेवल विनायक नगरपालिका | |
| | | ९ | कमलबजार नगरपालिका | |
| | | १० | तुर्माखाँद गाउँपालिका | |
| ५ | डोटी | १ | दिपायल सिलगढी नगरपालिका | |
| | | २ | शिखर नगरपालिका | |
| | | ३ | आदर्श गाउँपालिका | |



राजकुमार गुप्ता
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | ४ | के.आई. सिंह गाउँपालिका | |
| | | ५ | जोरायल गाउँपालिका | |
| | | ६ | पूर्बीचौकी गाउँपालिका | |
| | | ७ | बडीकेदार गाउँपालिका | |
| | | ८ | बोगटान फुड्सिल गाउँपालिका | |
| | | ९ | सायल गाउँपालिका | |
| ६ | बाजुरा | १ | हिमाली गाउँपालिका | |
| | | २ | गौमूल गाउँपालिका | |
| | | ३ | बुढीनन्दा नगरपालिका | |
| | | ४ | बडीमालिका नगरपालिका | |
| | | ५ | जगन्नाथ गाउँपालिका | |
| | | ६ | त्रिवेणी नगरपालिका | |
| | | ७ | बुढीगङ्गा नगरपालिका | |
| | | ८ | स्वामिकार्तिक खापर गाउँपालिका | |
| | | ९ | खप्तड छेडेदह गाउँपालिका | |
| ७ | मुगु | १ | छायाँनाथ रारा नगरपालिका | |
| | | २ | सोरु गाउँपालिका | |
| | | ३ | मुगुमकार्मारोँग गाउँपालिका | |
| | | ४ | खत्याड गाउँपालिका | |
| ८ | डोल्पा | १ | ठूलीभेरी नगरपालिका | |
| | | २ | त्रिपुरा सुन्दरी नगरपालिका | |
| | | ३ | डोल्पो बुद्ध गाउँपालिका | |
| | | ४ | शे-फोक्सुन्डो गाउँपालिका | |
| | | ५ | जगदुल्ला गाउँपालिका | |
| | | ६ | मुड्केचुला गाउँपालिका | |

| | | | | |
|---|---|---|---|---|
| | | ७ | काईके गाउँपालिका | |
| | | ८ | छार्का ताङसोङ गाउँपालिका | |
| ९ | हुम्ला | १ | सिमकोट गाउँपालिका | |
| | | २ | नाम्खा गाउँपालिका | |
| | | ३ | खार्पुनाथ गाउँपालिका | |
| | | ४ | सर्केगाड गाउँपालिका | |
| | | ५ | चंखेली गाउँपलिका | |
| | | ६ | अदानचुली गाउँपालिका | |
| | | ७ | ताँजाकोट गाउँपालिका | |
| १० | जुम्ला | १ | सिँजा गाउँपालिका | |
| | | २ | हिमा गाउँपालिका | |
| | | ३ | तिला गाउँपालिका | |
| | | ४ | गुठिचौर गाउँपालिका | |
| | | ५ | तातोपानी गाउँपालिका | |
| | | ६ | पातारासी गाउँपालिका | |
| | | ७ | चन्दननाथ नगरपालिका | |
| | | ८ | कनकासुन्दरी गाउँपालिका | |
| ११ | कालिकोट | १ | खाँडाचक्र नगरपालिका | |
| | | २ | तिलागुफा नगरपालिका | |
| | | ३ | रास्कोट नगरपालिका | |
| | | ४ | शुभ कालिका गाउँपालिका | |
| | | ५ | नरहरिनाथ गाउँपालिका | |
| | | ६ | पचालझरना गाउँपालिका | |
| | | ७ | पलाता गाउँपालिका | |
| | | ८ | महावै गाउँपालिका | |



राजकुमार गुप्ता
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | ९ | सान्नी त्रिवेणी गाउँपालिका | |
| १२ | रुकुम पश्चिम | १ | मुसीकोट नगरपालिका | |
| | | २ | चौरजहारी नगरपालिका | |
| | | ३ | आठबिसकोट नगरपालिका | |
| | | ४ | बाँफिकोट गाउँपालिका | |
| | | ५ | त्रिवेणी गाउँपालिका | |
| | | ६ | सानीभेरी गाउँपालिका | |
| १३ | जाजरकोट | १ | भेरी नगरपालिका | |
| | | २ | छेडागाड नगरपालिका | |
| | | ३ | नलगाड नगरपालिका | |
| | | ४ | कुसे गाउँपालिका | |
| | | ५ | जुनीचाँदे गाउँपालिका | |
| | | ६ | बारेकोट गाउँपालिका | |
| | | ७ | शिवालय गाउँपालिका | |

नोट: आ.ब. ०८१/०८२ को लागि लुम्बिनी प्रदेशका पहाडी जिल्ला क्रमश: रुकुम पूर्व, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पाका सबै स्थानीय तहमा लागु गरी अर्को आर्थिक बर्ष देखि क्रमश दायरा वृद्धि गर्ने |

नि. सचिव

मा. राजकुमार गुप्ता
मन्त्री

अनुसूची-२

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजना कार्यक्रम माग फारम**

१ आ.व.:-

२ जिल्लाः-

२. नगर/गाउँ पालिकाको नामः-

३. प्रदेशः-

| क्र. सं. | प्रस्तावित आयोजना/कार्यक्रम को विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा नं. समेत) | आयोजना क्षेत्र | भौतिक लक्ष्य परिमाणमा | अनुमानित लागत | | | आयोजना सम्पन्न हुने अवधि | आयोजना बाट लाभान्वित जनसङ्ख्या | डिंपिआर तथा कार्यक्रम प्रस्तावना भए /नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रिय अनुदान | स्थानीय तहबाट ब्यहोरिने रकम | कूल लागत | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

क्षेत्र भन्नाले (क) कृषि सडक स्तरोन्नति, (ख) सामुदायिक पूर्वाधार, (ग) कृषि तथा पशुपंक्षी विकास, (घ) पर्यटन पूर्वाधार निर्माण (ङ) खानेपानी तथा सरसफाई, (च) उद्योग व्वसाय प्रवर्द्धन तथा रोजगारी सिर्जना (छ)साना सिँचाइ (ज) परम्परागत पेशा प्रवर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम बमोजिमको कार्य उल्लेख गर्ने ।

माग एवम् सिफारिस गर्नेको

नामः-

दस्तखतः-

छापः-

मितिः-

नि. सचिव

मा. राजकुमार गुप्ता
मन्त्री

अनुसूची-३

(दफा १० सँग सम्बन्धित)

**वार्षिक प्रगति प्रतिवेदन**

१ आ.व.:
२ कार्यक्रमको नामः
३ स्थानीय तहः
४ आयोजना प्रमुखको नामः
५ श्रमदिन
६ स्वीकृत रकमः

७ निकासा भएको रकमः
८ प्राप्त हुन बाँकी रकमः
९ आयोजना सम्झौता मितिः
१० आयोजना सम्पन्न हुने मितिः
११ आयोजना सम्पन्न भएको मितिः

| सञ्चालित आयोजना/कार्यक्रमको नाम | स्रोत (रकम रु.हजारमा) | | | कार्यक्रम सञ्चालन बिधि | | | एकाइ | .....लक्ष्य | | | .....प्रगति | | | यस.....अवधिसम्मको खर्च | | लाभान्वित समुदाय/जनसङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | केन्द्रीय अनुदान रकम | स्थानीय तह लागत साझेदारी | कूल रकम | उपभोक्ता समिति | ठेक्का | अन्य | | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

............... 
शाखा प्रमुख

नि. सचिव

...............
आर्थिक प्रशासन शाखा प्रमुख

मा. राजकुमार गुप्ता
मन्त्री

...............
कार्यालय प्रमुख